# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी
५ नं. प्रदेश, नेपाल

☎०७९-४१२१४५
E-mail : info@musikotmungulmi.gov.np
Website : www.musikotmungulmi.gov.np


च.नं. : १५४१
पत्र संख्या: २०७६/०७७

मिति: २०७६/१२/२५

## सहयोगको लागि हार्दिक अपिल

विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाईरस सक्रमण तथा संभावित संक्रमणबाट बच्न तथा नियन्त्रणका लागि नेपाल सरकारले देशैभर लकडाउन गर्ने निर्णय गरे बमोजिम नगरपालिका भित्र सोको पूर्ण पालना तथा सोको नियमन गरिएको छ, जसबाट दैनिक श्रम गरी छाक टार्ने समुदायलाई यसबाट पर्न गएको क्षति तथा उक्त वर्गको दैनिक गुजाराका लागि **'असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराउने राहत सम्बन्धी कार्यविधि २०७६'** स्वीकृत भई सोही मापदण्ड बमोजिम राहत वितरण कार्य भइरहेको छ । २०७६ चैत्र २० गतेको कार्यपालिकाको निर्णय बमोजिम जनप्रतिनिधी, कर्मचारी र शिक्षकबाट निम्न बमोजिमको योगदान विपद व्यवस्थापन कोष खातामा जम्मा गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउछौं ।

**निम्न :**

| क्र.सं. | योगदानकर्ता | पारिश्रमिक, तलब, भत्ता सुविधाको | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख, उपप्रमुख र वडा अध्यक्ष | १ महिना बराबर | |
| २. | कार्यपालिका तथा वडा सदस्य | १५ दिन बराबर | |
| ३. | अधिकृत स्तरका कर्मचारी | ५ दिन बराबर | |
| ४. | सहायक स्तरका कर्मचारी | ३ दिन बराबर | |
| ५. | शिक्षक | २ दिन बराबर | |

उल्लेखित पृष्ठभूमिमा मुसिकोट नगरपालिकासँग सम्बद्ध देश, विदेशमा रहनुभएका महानुभाव, संघ, संस्था, बुद्धिजिवी, समाजसेवी व्यक्तिहरूलाई राष्ट्रिय वाणिज्य बैङ्क, तम्घास, गुल्मी शाखामा रहेको मुसिकोट नगरपालिकाको विपद् व्यवस्थापन कोष खातामा स्वेच्छिक सहयोगको लागि हार्दिक अपिल गर्दछौ ।

**विपद व्यवस्थापन कोष खाता नं. ३०१०००८५९६०१**

***नोट :***

*१. लकडाउनको पूर्ण पालना गरी आफु, परिवार र समाजलाई संक्रमणबाट बचाउन सहयोग गर्नुहुनेछ ।*

*२. नगरपालिकाको विपद व्यवस्थापन कोष मार्फत मापदण्ड बमोजिम राहत वितरण गरिने भएकोले सम्पूर्ण संघ संस्था तथा व्यक्तिले छुट्टै कोष निर्माण तथा वितरण गर्नुहुने छैन ।*

**सम्पर्क व्यक्तिहरू :**

१. प्रमुख श्री सोमनाथ सापकोटा ९८५७०६४५००
२. उपप्रमुख श्री कमला शर्मा ९८५७०६७५२१
३. प्रमुख प्रशासकीय अधिकृत श्री नवराज भण्डारी ९८५७०८३७८९

सोमनाथ सापकोटा
(नगरप्रमुख)

सोमनाथ सापकोटा
प्रमुख